कमी, कमजोरी पहिचान गरी देश विकास गर्न सरकार अग्रसर : उपप्रधानमन्त्री सिंह

काठमाडौं । उपप्रधानमन्त्री एवं शहरी विकासमन्त्री प्रकाशमान सिंहले भएका कमी, कमजोरी पहिचान गरी सुधार गरेर देश विकास गर्न सरकार अग्रसर रहेको बताउनुभएको छ ।

शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो । उहाँले अहिलेको सरकार नेपाली कांग्रेस र नेकपा एमालेसहित अन्य साना राजनीतिक दलहरू मिलेर देशमा शान्ति, सुशासन र विकास निर्माण गर्नका लागि बनेको बताउनुभयो । उहाँले नागरिकले सरकारकै सुनिश्चितता छैन कसरी देश विकास गर्छौ ? भन्ने प्रश्न गरेपछि देश विकाससँगै सरकारको स्थायित्वका लागि अहिलेको सरकार निर्माण भएको बताउनुभयो ।

उपप्रधानमन्त्री सिंहले भन्नुभयो, 'अहिलेको जुन वर्तमान सरकार कांग्रेस, एमालेलगायत अरू साना दलहरू मिलेर बनेको छ । यो सरकार किन बनेको भने जनताले के भन्न थाले भने सरकारको आयु नभएको सरकार बन्छ, फेरि केही महिनामा अर्को सरकार बन्छ भन्न थाले । सरकारकै सुनिश्चितता छैन भने त्यो सरकारले हाम्रो के काम गर्छ ? त्यसले गर्दा राजनीतिक स्थिरता, स्थायित्व र सरकार टिक्ने किसिमको आवश्यक छ भनेर यो वर्तमान सरकार बनेको हो । बोलेर मात्रै होइन, काम गर्न गाह्रो छ । भएका कमी, कमजोरी पहिचान गरी सुधार गरेर अघि बढ्नेतर्फ यो सरकार गइरहेको छ ।'

उपप्रधानमन्त्री सिंहले लोकतन्त्रमा सबै कुरा व्यक्त गर्ने अधिकार रहेको भए पनि अधिकारको मात्रै कुरा गर्ने तर जिम्मेवारीअनुसार काम नगर्ने कुराले समाजलाई सही ठाउँमा नपुऱ्याउने बताउनुभयो । राजनीतिक स्थायित्व भएमात्रै देशको अर्थतन्त्र सुदृढ पार्नेसहितका विकासका कामहरू अघि बढ्न सक्ने बताउनुभयो । जीवन र जीविकोपार्जन सहज हुनुपर्ने आवाज सबै नागरिकको भएकाले सोहीअनुसार सरकारले काम गरिरहेको उहाँको भनाइ थियो ।

सडक सञ्जालमा जोडिए जुम्लाका गाउँबस्ती

विजय रावत/हिटा

जुम्ला, १७ फागुन

जुम्लाका ग्रामीण भेगमा पर्ने गाउँबस्तीमा यातायातको सेवा विस्तार भएको छ । स्थानीय सरकारले गाउँमा पुग्ने ग्रामीण सडक निर्माण गरेपछि पछिल्लो समय यहाँका आठवटै स्थानीय तहका ६० वटाका मुकाम राष्ट्रिय सडक सञ्जालमा जोडिएका छन् ।

६० वडामध्ये तिला गाउँपालिका ६, ७, ८ र ९ वडा जोड्ने सडक तिला गाउँपालिका- १ रारामा तिला नदीमाथि मोटरेबल पक्की पुल निर्माण भएपछि यहाँका दुर्गम भेगमा पर्ने गाउँबस्ती लामो समयपछि सडक सञ्जालमा जोडिएको तिला गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाले जानकारी दिनुभयो ।

यहाँका सबै वडापालिकासम्म कच्ची (अफरोड) सडक निर्माण भएपछि सार्वजनिक यातायात सेवा सुचारु हुन थालेका छन् । यसअघि यहाँको सदरमुकाम खलंगा हुँदै कर्णाली राजमार्ग जुम्ला नाग्म सडकखण्ड र नाग्म गमगढी मूल सडकमा मात्रै सार्वजनिक सवारी साधन सञ्चालन हुने गरेका थिए । अब यहाँका ग्रामीण सडकमा (अफरोड) पनि सार्वजनिक यातायातका साधन सञ्चालन गर्न थालिएको गाउँपालिका अध्यक्ष रोकायाको भनाइ छ ।

जुम्लामा रहेको नमस्ते हिमचितुवा यातायात प्रालिले यहाँका मुकाम खलंगा हुँदै पालिकाको ग्रामीण भेगमा पर्ने कुडारीको डुग्रीसम्म सार्वजनिक यातायात सेवा सुचारु गर्न थालेको हिमचितुवा यातायात प्रालिले जनाएको छ । सोही यातायातले खलंगादेखि रारालिही, रारालिहीदेखि मानेचौर, राँसा मालापानीसम्म सार्वजनिक यातायात सेवा सुचारु गर्न थालेको हिमचितुवा यातायातले जनाएको छ ।

एकै पालिकाबाट दुई वर्षमा एक हजार बढीले छाडे गाउँ

डम्मर बुढा मगर/हिटा

बागलुङ, १७ फागुन

पछिल्लो समय बागलुङको बरेङ गाउँपालिकाबाट बसाइँसराइ गर्नेको संख्या बढ्दै गएको छ । हरेक महिना गाउँ छोडेर बजार झर्ने बढ्दै गएपछि बस्ती सुनसान बन्न थालेका छन् भने खेतीयोग्य जमिनमा झाडी पलाएका छन् ।

बरेङ गाउँपालिकाका सूचना अधिकारी केशवराज क्षेत्रीका अनुसार पछिल्लो दुई वर्षमा ३४७ घरपरिवारका एक हजार २८० जनाले गाउँ छाडेका छन् । गाउँमा शिक्षा, स्वास्थ्य, यातायातलगायतका विकास पुग्दै गरे पनि स्थानीयले बसाइँसराइ गर्न छोडेका छैनन् । चालु आर्थिक वर्षको सात महिनामै २१० जनाले गाउँ छाडेको क्षेत्रीले जानकारी दिनुभयो ।

साउनयता ५५ घरपरिवारले बसाइँसराइ गरेर अन्य ठाउँमा गएका हुन् । यस वर्ष सबैभन्दा धेरै वडा नम्बर १ धुल्लुबास्कोटबाट १३ घरपरिवारका ५८ जना र सबैभन्दा कम वडा नम्बर ५ सुखौराका छ घरपरिवारका २० जनाले बसाइँसराइ लिएको क्षेत्रीको भनाइ छ । दुई वर्षको अवधिमा ४० घरपरिवारका १३१ जना बसाइँ सरेर बरेङमा आएका छन् ।

बरेङ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले बसाइँसराइ रोक्नका लागि पालिकाले जनताका आधारभूत आवश्यकता पूरा गरी गुणस्तरीय सेवा प्रवाहमा लागेको बताउनुभयो । पालिकाका सबै वडा र बस्तीमा सडक पुऱ्याउनुका साथै खानेपानी, विद्युत् र स्वास्थ्य संस्था स्थापना गरेर सेवा दिए पनि बसाइँसराइ रोक्न नसकिएको अध्यक्ष शर्मा बताउनुहुन्छ । एकीकृत बस्ती बसालेर नागरिकको जीवन स्तर उकास्ने कार्यक्रम सञ्चालन गर्न थाले पनि सफल बन्न नसकेको उहाँले बताउनुभयो । युवालाई लघु उद्यम तथा घरेलु उद्योगमार्फत् स्वरोजगार बनाउने गरी काम गरे पनि बसाइँसराइ नरोकिएको अध्यक्ष शर्मा बताउनुहुन्छ । 'बसाइँसराइ रोक्नका लागि हामीहरूले धेरै प्रयास गऱ्यौं, बस्ती-बस्तीसम्म सडक, खानेपानी, शिक्षा र स्वास्थ्यको पहुँच पुऱ्याएका छौं, युवालाई रोजगारसँग जोड्ने काम पनि भएको छ,' उहाँले भन्नुभयो, 'एकीकृत बस्ती बसालौं भनेको कसैले मानेनन् तर गाउँ छोडेर गए, बगाले भन्ने ठाउँमा पहिले करिब २० घर थिए, अहिले त्यो टोल नै खाली छ, बसाइँसराइ रोक्नका लागि हामी लागिरहेका छौं ।'

बरेङबाट धेरैजसो स्थानीय चितवन, रूपन्देही, नवलपरासी, पोखरालगायतका ठाउँमा बसाइँसराइ गरेर जाने गरेको अध्यक्ष शर्माको भनाइ छ ।

स्काउट, रेडक्रस लगायतका संस्थानहरूमा राजनीतिकरण हुँदा प्रभावकारी बन्न सकेनन् : निधी

काठमाडौं । नेपाली कांग्रेसका सांसद विमलेन्द्र निधीले नेपाल स्काउट, रेडक्रस लगायतका संस्थानहरूमा राजनीतिकरण हुँदा राम्रोसँग काम गर्न नसकेको बताउनुभएको छ । शनिवार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो । उहाँले नेपाल स्काउट, रेडक्रस लगायतका संस्थाहरूमा धेरै राजनीतिकरण भएको बताउनुभयो । उहाँले सामाजिक संस्थाहरूलाई राजनीतिक रुपमा नियन्त्रणमा राख्ने प्रवृत्तिले मुल ध्येय नै विचलित हुन पुगेको बताउनुभयो । नयाँ पुस्तालाई अवसर पाउनुपर्ने कुरामा कुनै प्रश्न नरहेको उहाँको भनाइ थियो ।

उहाँले भन्नुभयो, 'नेपाल स्काउट, रेडक्रस लगायतका यस्ता संस्थाहरू राजनीतिकरण धेरै भएको कारणले राजनीतिक रुपमा नियन्त्रणमा राख्ने प्रवृत्तिले मुल गोल नै विकसित हुन सकिरहेको छैन । त्यसबाट जोगाएर अघि बढौं । नयाँ पुस्ताले अवसर पाउनु पर्दछ । क्षमताको विकास गर्नुपर्दछ । नेतृत्वको विकास गर्नुपर्छ । पुराना पुस्तालाई पनि सम्मान गर्दै जानुपर्छ ।' सांसद निधीले नयाँ पुस्ताले पुरानो पुस्तालाई सम्मान गर्न सक्नुपर्ने बताउनुभयो ।

Radhi Bidyut Company Limited
Bluestar Complex, Tripureshwor-11, Kathmandu
Phone: 01-5332750
Email: info@radhibidyut.com.np

विशेष साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति फाल्गुन १८, २०८१

उपरोक्त सम्बन्धमा यस कम्पनीको संचालक समितिको मिति फाल्गुन १६, २०८१ गते बसेको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त विशेष साधारण सभामा आफै उपस्थितको लागि सम्पूर्ण शेयरधनीहरुलाई सादर अनुरोध गर्दछौ ।

१. सभा हुने मिति, समय र स्थान :

मिति : चैत्र ०३, २०८१ (मार्च १६, २०२५)
समय : बिहानको ८:०० बजे, आइतबार
स्थान : वेलकम पार्टी प्यालेस, चापागाउँ, ललितपुर ।

२. छलफलको विषय :

क. विशेष प्रस्तावहरु

१. हकप्रद शेयर निष्कासन पश्चात् कायम हुने चुक्ता पूँजी बराबर हुने गरी जारी पूँजी संशोधन सहित कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।
२. नियमक निकायहरुको निर्देशन अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ख. साधारण प्रस्तावहरु

१. कम्पनीको नियमावली बमोजिम २ जना संचालकहरुको नियुक्ति गर्ने ।
२. स्वतन्त्र संचालकको नियुक्ति अनुमोदन गर्ने ।

ग. विविध

साधारण सभा सम्बन्धी अन्य जानकारी

१. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ७:३० बजे देखि खुल्ला रहने छ ।
२. विशेष साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पूस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति फाल्गुन २५, २०८१ एक दिन बन्द रहने छ । शेयरधनी पुस्तीका बन्द भएको अघिल्लो दिन मिति फाल्गुन २४, २०८१ सम्म कायम रहेका शेयरधनीहरु विशेष साधारण सभामा भाग लिनका लागी योग्य हुनेछन् ।
३. संगठित संस्था शेयरधनी भएको हकमा संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारी पत्र सहित उपस्थित हुनपर्नेछ र प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रोक्सी कम्पनीको शेयरधनी हुनपर्नेछ । संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको शेयरधनी वा सर्वसम्मत बाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्ति मात्र सभामा भाग लिन पाउनेछ ।
४. सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को शेयरधनीलाई कम्पनीको आधिकारिक प्रतिनिधि (प्रोक्सी) फारम भरी सभा हुनु भन्दा चार (४) दिन अगावै अर्थात फाल्गुन २८, २०८१ दिउँसो ३:०० बजे भित्र यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।
५. साधारण सभा हुने मिति भन्दा कम्तिमा ४८ घण्टा अगाडि निर्वाचन अधिकृतको कार्यालय तोकिनेछ । सञ्चालकको निर्वाचन सम्बन्धी विस्तृत जानकारीका लागी निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ ।
६. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।
७. आफ्नो परिचय पत्र (सरकारी कार्यालयबाट जारी भएको) वा शेयर अभौतिकीकरण गरेको व्यक्ति नै देखिने हितग्राही खाताको विवरण (Demat Account Statement) प्रस्तुत गरेपछि मात्र सभा स्थल भित्र प्रवेश गर्न पाइनेछ ।
८. साधारण सभामा प्रस्तुत गरिएका प्रस्तावहरुमा आफ्नो राय तथा सुझावहरु दिन चाहनु हुने शेयरधनीहरुले मिति चैत्र ०१, २०८१ दिउँसोको २:०० बजे सम्ममा आफ्नो राय तथा सुझावहरु लिखित रुपमा उपलब्ध गराउनुपर्ने छ । लिखित रुपमा राय तथा सुझावहरु उपलब्ध गराउने शेयरधनीहरुले मात्र उक्त सभामा आफ्नो राय तथा सुझावहरु राख्न पाउनेछन् ।

सञ्चालक समितिको आज्ञाले,
(कम्पनी सचिव)

लक्ष्मीपुर पतारी गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महेशपुर पतारी, सिराहा
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/११/१८

लक्ष्मीपुर पतारी गाँउपालिकाको मिति २०८१/०९/०८ को हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपसिलका निर्माण कार्यको लागि पेश भएका **Online E-Bidding** मध्ये देहायका बोलपत्र न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्विकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप दफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ संम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ ।

ठेक्का नं.	योजनाको विवरण	छनौट भएको फर्मको नाम	ठेगाना	कबोल अंक (रु. Vat बाहेक)
LPRM/WORKS/ NCB-03-2081/082	Construction Of Raja Harsing dev Mandir Nirman.	Dip Jyoti Nirman Sewa	Bariyarpatti Ga. Pa., Kachnari	NRs. 5296254.00/-

प्रमुख प्रशासकीय अधिकृत

कुमारी बैंक लिमिटेड शाखा कार्यालय सिमरा, बाराको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/११/१८ गते हिमालय टाइम्स दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय सिमरा, बाराबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८१ चैत ०४ गते सोमबार**का दिन शाखा कार्यालय सिमरा, बारामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

१. ऋणीहरुको विवरण

क. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा मिति २०७६/०५/२२ मा दर्ता नं. २२३६८१/०७६/०७७ कायम भई दर्ता रहेको बारा जिल्ला, जितपुर सिमरा उपमहानगरपालिका वडा नं. ०१ स्थित रजिष्टर्ड कार्यालय रहेको **सिमरा बिजनेस सेन्टर प्रा.लि. ।**
सञ्चालकहरु - कासिम मिया धोबी,
- राजेन्द्र उप्रेती

ख. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा मिति २०७१/०२/२२ मा दर्ता नं. १२३२८८/७०/०७१ कायम भई दर्ता रहेको बारा जिल्ला, जितपुरसिमरा उपमहानगरपालिका वडा नं. ०२ स्थित रजिष्टर्ड कार्यालय रहेको **सिमरा प्याराडाइज होटल प्रा.लि. ।**
सञ्चालकहरु - कासिम मिया धोबी,
- हासिम मिया धोबी

ग. **कासिम मिया धोबी**
ना.प्र.नं.- ६९०२
जारी मिति - २०४७/०२/०१ जि.प्र.का. बारा
बाबु - छेनाहरी मिया धोबी
बाजे - रसुल मिया
स्थायी ठेगाना- बारा जिल्ला, पिपरा सिमरा गा.बि.स., वडा नं. ०६
हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा., वडा नं. ०४

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **कासिम मिया धोबी**
ना.प्र.नं.- ६९०३
जारी मिति - २०४७/०२/०१, जि.प्र.का. बारा
बाबु - छेनाहरी मिया धोबी
बाजे - रसुल मिया
स्थायी ठेगाना- बारा जिल्ला, पिपरा सिमरा गा.वि.स., वडा नं. ०६
हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा., वडा नं. ०४

२. **राजेन्द्र उप्रेती**
ना.प्र.नं.- ३३६८७५
जारी मिति - २०५७/१२/१४, जि.प्र.का. बारा
बाबु - नरेन्द्र कुमार उप्रेती
बाजे - प्रभाखर उप्रेती
स्थायी ठेगाना- बारा जिल्ला, पिपरा सिमरा गा.बि.स., वडा नं. ०२
हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा., वडा नं. ०२

३. **हासिम मिया धोबी**
ना.प्र.नं.- ६९०४
जारी मिति - २०४७/०२/०१, जि.प्र.का. बारा
बाबु - छेनाहरी मिया धोबी
बाजे - रसुल मिया
स्थायी ठेगाना- बारा जिल्ला, पिपरा सिमरा गा.वि.स., वडा नं. ०६
हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा., वडा नं. ०४

४. **समिना खातुन**
ना.प्र.नं.- १८८५२
जारी मिति - २०६२/०४/३१, जि.प्र.का. बारा
बाबु - रजाक मिया
बाजे - रमजान मिया
स्थायी ठेगाना- बारा जिल्ला, पिपरा सिमरा गा.वि.स., वडा नं. ०६
हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा., वडा नं. ०४

लिलाम हुने सम्पत्तिको विवरण

१. **कासिम मिया धोबी**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, पिपरा सिमरा गा.वि.स. वडा नं. ४क स्थित कित्ता नं. २३२९ को क्षे.फ. १-१०-१४ (वि.क.ध.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. धनि कुमारी बैंक लि. र ऋणी **सिमरा प्याराडाइज होटल प्रा.लि.** कायम भई बाग्मती प्रदेश यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको चे.नं. MNBLMFF50HW726546, ई.नं. P5AT2442999, सवारी नं. बा १८ च ९५६१ Ford Ranger 3.2 XL Diesel थान १ ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८१ चैत ०३ गते** भित्र बैंकको शाखा कार्यालय सिमरा, बारामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय सिमरा, बाराबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८१ चैत ०४ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय सिमरा, बारामा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्होर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय सिमरा, बारामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८१ चैत ०४ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय सिमरा, बारा फोन नं. ०५३-५२१८५१